# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मन्त्रालय र मातहतसमेत ३१ कार्यालयको विनियोजन रु.२ अर्ब ७२ करोड ५३ लाख, राजस्व रु.७२ करोड, धरौटी रु.११ करोड ८४ लाख र अन्य कारोबार रु.३ करोड ६३ लाखसमेत रु.३ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न भएको छ। मन्त्रालय मातहतका संगठित संस्था ४ र समिति १५ को रु.२२ अर्ब ५१ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – विगत प्रतिवेदनमा पर्यटन नीति, २०६५ बमोजिम गुरुयोजना तयार नगरेको, लुम्बिनी विकास कोषले रु.१० करोड ३६ लाख, पर्वतीय प्रशिक्षण प्रतिष्ठानले रु.१ करोड ७० लाख ६६ हजार, राष्ट्रिय ताल संरक्षण विकास समितिले रु ३ लाख ७२ हजार ,नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानले रु ३ लाख यो वर्ष पनि सञ्चित कोष दाखिला नगरेको, मन्त्रालयले संस्कृति प्रवर्द्धन कार्यक्रम अर्न्तगत विभिन्न संघ, संस्था एवं स्मृति प्रतिष्ठानलाई रु.३९ करोड १३ लाख र पुरातत्व बिभागले रु २ करोड ७ लाख ५० हजार अनुदान उपलब्ध गराएकोमा वितरित अनुदान सम्झौताका शर्तअनुसार उपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरेको छैन । त्यस्तै क्यासिनो संचालन इजाजत बापत ७ संचालकबाट रु. ७ करोड असुल गर्नुपर्नेमा नगरेको,एक क्यासिनो संचालकलाई रु ५लाख निबेदन दस्तुर र रु १ करोड इजाजत दस्तुर बुझाए पछिमात्र क्यासिनो संचालन गर्न पाउनेमा दस्तुर नबुझाई संचालनमा रहे पनि अशुलीका लागि कारबाही नगरेको, २ क्यासिनो संचालकबाट अशुल गर्न बांकी रोयल्टी रु ६ करोड अशुल नगरे पनि राजश्वको अर्थिक बिबरणमा लगत कायम गरेको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ ।

२. **प्रगति स्थिति** – मन्त्रालय अन्तर्गत संचालित राष्ट्रिय गौरबका आयोजनाको प्रगति स्थिति निम्नानुसार छ । मन्त्रालय मातहतका राष्ट्रिय गौरवका आयोजनाको प्रगति १५ देखि ५५ प्रतिशत रहेको देखियो ।

(रु करोडमा)

| सि.न. | आयोजनाको नाम | सुरु वर्ष | सम्पन्न हुने वर्ष | कूल लागत अनुमान (रु करोडमा) | हालसम्मको खर्च | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | पशुपति क्षेत्र विकास कोष | २०५७/५८ | २०६७/६८ | २,०३ | १७ | २५ |
| २ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | २०७०/७१ | २०७३/७४ | ६,२३ | १,२७ | २४ |
| ३ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २०७१/७२ | २०७५/७६ | २१,५१ | २,१२ | २० |
| ४ | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ | २०७१/७२ | - | - | ३ | १५ |
| ५ | लुम्बिनी क्षेत्र बिकास कोष | २०४१/४२ | | ७,०० | ६९ | ५५ |

मन्त्रालयले भौतिक र वित्तीय पक्षको समिक्षा गरी प्रगति कम हुनाको कारण र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गरी लक्ष्य अनुसार प्रगति हासिल गराउनु पर्दछ ।

३. **अनुदान** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ (६) मा अनुदान दिदा योजना, कार्यक्रम र यथा सम्भव लागत समेत खुलाई दिनुपर्ने व्यवस्था छ । मन्त्रालयले मातहतका २५ समितिलाई रु ४५ करोड १७ लाख ,७३ जिल्ला बिकास समिति मार्फत विभिन्न संघ, संस्था र निजी प्रतिष्ठानलाई रु. ३८ करोड १५ लाख र १२ संस्थालाई रु ९७ लाख २४ हजार समेत रु ८४ करोड २९ लाख अनुदान उपलब्ध गराएकोमा योजना, कार्यक्रम र लागत खुलाएको छैन । संस्कृति तथा पर्यटन मन्त्रालयको कार्य क्षेत्रमा पर्ने पुरातात्विक तथा धार्मिक महत्वका क्षेत्रमा शहरी बिकास मन्त्रालयबाट पनि २०७२/७३ मा रु २९ करोड ८६ लाख ३६ हजार खर्च गरेको छ । एकै प्रकृतिका कार्यक्रमको लागि दुई मन्त्रालयबाट अनुदान तथा खर्च गर्दा दोहोरो खर्च हुन सक्ने सम्भाबना पनि देखिन्छ । नेपाल सरकार कार्य बिभाजन नियमाबलीमा शहरी विकास मन्त्रालयको कार्य विवरणमा यस प्रकारको कार्यक्रम संचालन गर्ने व्यवस्था नदेखिएकोले मठ मन्दिर तथा पुरातात्विक धार्मिक भवन निर्माण कार्य संस्कृति तथा पर्यटन मन्त्रालयबाटमात्र गराउनु पर्दछ । नियमको प्रकृया पुरा गरी अनुदान दिने व्यवस्था हुनुपर्दछ ।

४. **केबुलकार –** पर्यटन ऐन, २०३५ को दफा ४५क एवं औद्योगिक व्यबसाय ऐन, २०४९ मा केबुलकार सञ्चालन गर्ने व्यवसायीले पर्यटन उद्योग संचालन गर्न इजाजतपत्र लिनु पर्ने व्यवस्था छ । पर्यटन बिभागले केबुलकारको इजाजत दस्तुर रु. ५० हजार लाग्ने गरी कार्यबिधि तयार गरेतापनि २०५५ देखि चितबनको कुरीनटार–गोरखाको मनकामना र २०७३ देखि काठमाण्डौंको थानकोट –चन्द्रागिरीमा सञ्चालित केबुलकारले इजाजत लिएको पाईएन । औद्योगिक व्यबसाय ऐन, २०७३ कार्यान्वयनमा आए पछि केबुलकारलाई पर्यटन उद्योगबाट निर्माण उद्योगमा सारेको छ तापनि इजाजतपत्र लिनुपर्ने दायित्वबाट उन्मुक्ति दिन मिल्ने देखिदैन । केबुलकार सञ्चालकबाट नियमानुसार इजाजत पत्र लिन लगाउनु पर्दछ ।

५. **हिमालको रोयल्टी –** पर्यटन ऐन, २०३५ को दफा ३७(२) बमोजिम पर्वतारोहण संघलाई सरकारले तोकेको हिमालचुलीको आरोहण गर्ने अनुमति प्रदान गर्ने काम सुम्पन सक्ने व्यवस्था छ । दफा ३७(४) मा नेपाल सरकारले आवस्यक आदेश वा निर्देशन दिएको अवस्थामा उक्त संघले पालना गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको २०३४।१०।५ को निर्णयले १८ साना चुचुराहरु आरोहण गर्न इच्छुक पदयात्री तथा पर्वतारोहीसँग सेवा शुल्क लिई आरोहण गर्न स्वीकृति दिने अधिकार नेपाल पर्वतारोहण संघलाई प्रदान गरेको थियो ।

मन्त्रिपरिषद्ले २०५९।५।३१ मा पुनः १५ समेत कुल ३३ हिमालचुलीको रोयल्टी उठाउने, प्रर्वधन र व्यवस्थापन समेत गर्ने गरी संघलाई जिम्मा दिएको छ । हिमालबाट उठेको रोयल्टीको २० प्रतिशत स्थानिय विकास कोष, १० प्रतिशत वातावरण संरक्षण कोष र ५ प्रतिशत उद्धार कोषमा जम्मा गर्नुपर्ने समेत निर्णयमा उल्लेख छ । संघले २०५०।५१ देखि २०७०।७१ सम्ममा रु.३ करोड ८८ लाख र २०७२।७३ को रु.४ करोड ९३ लाख समेत रु.५८ करोड ८१ लाख रोयल्टी असुल गरेको विवरण प्राप्त भएको छ । यो वर्ष स्थानीय बिकास कोषमा जानुपर्ने रु.१ करोड २८ लाख र वातावरण संरक्षण कोषमा जानुपर्ने रु.३५ लाख समेत रु.१ करोड ६३ लाख संघ आफैंले खचं गरेको छ । उक्त संघले गरेको खर्चको लेखापरीक्षण गरी प्रतिवेदन उपलब्ध नगराउने र असुल गरेको रोयल्टीको खर्च सम्बन्धमा मन्त्रालयबाट अनुगमन हुने गरेको देखिदैन ।

पर्यटन विभागले अन्य हिमालको रोयल्टी असुल गरे जस्तै सवै हिमालको रोयल्टी विभागबाटै असुल गरी राजश्व दाखिला गर्ने र पर्वतारोहण संघलाई कुनै रकम दिनुपर्ने भए बजेट मार्फत रकम उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

६. **भाडा –** पाटन दरवार हेरचाह कार्यालयले सन् १९९७ देखि होटल सञ्चालन गर्न एक नीजि कम्पनीलाई प्रतिष्पर्धा नगराई भवन भाडामा लगाउँदै आएकोमा पछिल्लो पटक २०६८/१२/१९ देखि २०७४/१२/१७ सम्मका लागि प्रति महिना रु. ६९ हजारमा बार्षिक १० प्रतिशत बृद्धि हुने गरी भाडामा लगाएको छ । त्यस्तै अन्य तीन कोठा समेत प्रतिस्पर्धा नगराई भाडामा दिएको समेत यो वर्ष रु ३७ लाख ९१ हजार अशुल गरेको छ । रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन ,२०२० बमोजिम प्रतिस्पर्धात्मक माध्यमबाट भाडामा लगाउनु पर्नेमा सोझै भाडामा दिनु मनासिब देखिएन । आइन्दा प्रतिष्पर्धा हुने गरी भाडामा दिईने जवाफ कार्यालयले दिएको छ । प्रतिस्पर्धाबिगर भाडामा लगाउनेलाई जिम्मेवार बनाइनु आवश्यक छ ।

७. **सेवा शुल्क –** प्राचीन स्मारक संरक्षण ऐन २०१३, को दफा ३ ख. मा सार्वजनिक प्राचीन स्मारकको स्वामित्व पुरातत्व विभागमा रहने र त्यस्ता स्मारकहरुको संरक्षण, मर्मत तथा जिर्णोद्धार समेत पुरातत्व विभागले नै गर्ने व्यवस्था छ । सोही ऐनको दफा १७ घ (१) मा ऐतिहासिक तथा कलात्मक दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारकहरुको संरक्षण गर्न तोकिएबमोजिम एउटा कोष रहने र सो कोषमा स्मारक क्षेत्रमा प्रवेश गर्न लगाइएको प्रवेश शुल्क वा अन्य शुल्कबाट प्राप्त हुने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ ।

पाटन संग्रहालयमा प्राप्त हुने प्रवेश शुल्कमध्ये ७५ प्रतिशत उपमहानगरपालिका, १५ प्रतिशत पाटन संग्रहालय, ५ प्रतिशत प्रशासनिक काममा र ५ प्रतिशत पाटन दरबार क्षेत्र मर्मत सम्भार र पर्यटन प्रवर्द्धनका लागि बांडफांड हुने गरी ललितपुर उपमहानगरपालिका र पाटन संग्रहालय विकास समितिवीच २०७३।५।२८ मा सहमति गरेको देखियो । प्राचीन स्मारक संरक्षण ऐन तथा नियमबमोजिम प्राप्त हुने प्रवेश शुल्क उक्त ऐन नियमले तोकेको कोषमा जम्मा गरी संरक्षण कार्यमा खर्च गर्नुपर्नेमा उक्त कोषमा रकम जम्मा नै नगर्ने गरी गरिएको उक्त सहमति नियम विपरीत देखिन्छ । यस्तो अवस्था भक्तपुर दरबार क्षेत्र र काठमाण्डौं दरबार क्षेत्रमा पनि रहेको छ ।

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार पनि प्राचीन स्मारक क्षेत्रमा प्रबेश गर्दा लाग्ने शुल्क नगरपालिकाले उठाउन मिल्ने नदेखिएकोले प्रबेश शुल्क बापत प्राप्त रकम प्राचीन स्मारक संरक्षण ऐन, नियमले तोकेको कोषमा जम्मा गरी सोही कोषबाट खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## संगठित संस्था, अन्य संस्था र समिति

### नेपाल वायुसेवा निगम २०७१।७२

८. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** – यो वर्ष निगमको शेयर पुंजी रु.१६ करोड २२ लाख, सञ्चित नोक्सानी रु.१ अर्ब ८६ करोड ४३ लाख, नेपाल सरकारको लगानी रु.२ अर्ब ९४ करोड १५ लाख, मध्यम तथा दीर्घकालिन ऋण रु.१० अर्ब ९६ करोड ३४ लाख,स्थिर सम्पत्ति रु.११ अर्ब ८६ करोड १ लाख, लगानी रु.६१ लाख र खुद चालु सम्पत्ति रु.३३ करोड ६६ लाख रहेको छ । निगमको नेटवर्थ रु.१ अर्ब २३ करोड ९६ लाख रहेको छ । गत वर्षसम्म रु.१ अर्ब ८४ करोड २० लाख सञ्चित नोक्सान रहेकोमा यो वर्ष रु.१ करोड ६१ लाख नाफा र गत वर्षको खर्च समायोजन रु.३ करोड ८४ लाख समेत गरी बर्षान्तमा सञ्चित नोक्सानी रु.१ अर्ब ८६ करोड ४३ लाख पुगेको छ ।

९. **असामी** – यो वर्षसम्म रु.६९ करोड ३८ लाख उठाउन बाँकी रहेकोमा असुल गरेको देखिएन । बाँकी रकम कानुनबमोजिम असुल गर्नुपर्दछ । आपूर्तकसँगको कारोबार समयमै राफसाफ गर्नुपर्नेमा वर्षौदेखि बाँकी रहेको छ । त्यस्ता हिसावको वर्षानुगत विवरण पनि राखेको छैन । असुल गर्न बाँकी देखिएका ३७ पार्टीसँग यो वर्ष कुनै कारोबार भएको देखिदैन । निगमको ३ वर्षभन्दा अघिदेखि असुल गर्न बाँकी रहेको मौज्दात रु.५ करोड ६१ लाख ७४ हजार रहेको छ ।

१०. **मध्यम तथा दीर्घकालीन ऋण –** मध्यम तथा दीर्घकालीन ऋण रु.१० अर्ब ९६ करोड ३४ लाख (गत वर्ष रु.५ अर्ब ५१ करोड ९७ लाख) र अल्पकालीन ऋण रु.८८ करोड ६ लाख (गत वर्ष रु.१ अर्व ४ करोड ९१ लाख) छ । निगमले नेपाल सरकारको ऋण रु.५६ करोड ९३ लाख २७ हजार तिर्नुपर्ने ब्याज रु.४ करोड ११ लाख देखाएको छ भने महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा ऋण रु.५६ करोड ५ लाख ४४ हजार र व्याज रु.९३ करोड २८ लाख ५४ हजार देखिएको छ । यसरी निगमले महालेखा नियन्त्रक कार्यालयको भन्दा रु.८७ लाख ८३ हजारले ऋण बढी र रु.८९ करोड १७ लाख ५४ हजारले ब्याज कम देखाएको छ । म्याद नाघेको किस्ता र ब्याजसमेत निगमले रु.४० करोड ९५ लाख ५५ हजार र महालेखा नियन्त्रक कार्यालयले रु.१ अर्ब १४ करोड १६ लाख ७२ हजार देखाएको छ । तिर्नुपर्ने रकम समयमै नतिरेको र अभिलेखमा समेत फरक परेकोले वास्तविकता यकिन गर्नुपर्दछ ।

११. **कर दाखिला –** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम वार्षिक आय हिसाब गरी मासिक रुपमा कर कट्टी गर्नुपर्नेमा एक विदेशी क्याप्टेनलाई रु.९ लाख ७७ हजार र एक इन्जिनियरिङ्ग कम्पनीलाई अमेरिकी डलर ५४ हजार कर रकम असुल गनुपर्ने र एक एभिएसन कम्पनीलाई टी.आर.आई., टी.आर.ई. आपूर्ति गरे बापत कर रकम अमेरिकी डलर ६० हजार निगमले नै भुक्तानी गरेकोले दुई कम्पनीसँग अमेरिकी डलर १ लाख १४ हजार र एक क्याप्टेनसँग रु.९ लाख ७७ हजार असुल गर्नुपर्दछ ।

१२. **उडान –** निगमले २ हजार २२७ अन्तर्राष्ट्रिय उडान लक्ष्य राखेकोमा १ हजार ५५९ मात्र उडान गरेको र आन्तरिकतर्फ ७ हजार ४६६ उडान लक्ष्य राखेकोमा २ हजार ८३३ उडानमात्र भएको छ । जसमा इन्जिनियरिङ्ग विभाग ई.एम.डी बाट ९९, सी.एम.डी.बाट ११, नेपाल आयल निगमबाट २, भूमिस्थ सेवा विभागबाट १, नेपाल नागरिक उड्डयन प्राधिकरणबाट १ गरी ११४, अपरेसन विभागबाट १७०, कमर्सियल विभागबाट ५१ उडानहरु रद्द र ढिलाई गरेको छ ।

१३. **इन्धन –** निगमले तयार गरेको वित्तीय विवरण अनुसार यस वर्ष इन्धन खपत वापत रु.२ अर्ब ७० करोड ६६ लाख खर्च लेखेकोमा निम्नानुसार देखियो:

१३.१ विमानले प्रत्येक पटक उडान भर्दा उडान समय, ब्लक टाइम, इन्धन भरेको, खपत गरेको, यात्रु संख्या, कार्गो आदि विवरण खुलाई उडानको लगसिट तयार गर्नुपर्ने व्यवस्था छ । चालक दलका सदस्यको विवरण सहितको लग सीट सम्बन्धित पदाधिकारीले पूर्ण रुपमा भर्ने गरेको छैन । यसले गर्दा जहाजको इन्धन लगायतका विवरणहरु यथार्थ देखिने अवस्था छैन । साथै लगसिटमा विमानको चोक इन टाइम, चेक अफ टाइम, एन्टी एयर, अल्टिच्यूट, ल्यान्डिङ्ग टाइम जस्ता विविध पक्ष खुल्ने गरी तयार गरेको छैन । वास्तविक रुपमा खपत हुनुपर्ने र खपत भएको यकिन गर्न सक्ने अवस्था नभएकोले विस्तृत विवरणको लगसीट तयार गरी भर्नुपर्ने देखिन्छ ।

१३.२ निगमले जहाजमा इन्धन भर्दा विभिन्न स्टेशनमा लिटरको आधारमा भर्ने र खपत टनको आधारमा हुने भएकोले लगसीटमा चढाउँदा टनमा परिणत गर्ने गरेको छ । यसरी टनमा परिणत गर्दा अधिकांश लगसीटमा कममात्र परिमाण देखाएको छ । कम परिमाण देखाउनुको कारण खुलाएको छैन । यस वर्ष ४ वटा जहाजबाट २८६.५७ टन इन्धन कम परिमाण देखाएको छ । औसत स्पेसिफिक ग्राभिटी ०.७८७ ले २८६.५७ टनको २ लाख २५ हजार ५३० लिटरको औसत मूल्य रु.११० को दरले रु.२ करोड ४८ लाख बढी खर्च लेखेको देखिएको छ।

१३.३ उडानको लगसीट परीक्षणबाट जहाजमा भएको इन्धन थप गरेको इन्धन तथा खपत एवं बाँकी रहेको इन्धन मौज्दात परिमाणमा लगसीटहरुमा फरक पारी निगमको ४ जहाजमा ४३.४ टन कम परिमाण इन्धन देखाएको छ । सो इन्धनको औषत स्पेसिफिक ग्र्याभिटी ०.७८७ को आधारमा ३४ हजार १५६ लिटरको प्रतिलिटर रु. ११० को दरले रु.३७ लाख ५७ हजार बढी खर्च देखाएको छ ।

१३.४ निगमले जहाजको लग सीटमा इन्धन भरेको आधारमामात्र इन्धन वापत रकम भुक्तानी दिनुपर्नेमा इन्धन भरेको प्रमाण बेगर रु.३९ लाख ९९ हजार भुक्तानी गरेको छ । निगमको जहाजमा इन्धन खपत गर्दा विस्तृत विवरण सहितको लग सीट नराखेको, नर्म्सभन्दा बढी इन्धन खपत गरेको, प्रमाण वेगर इन्धनको मूल्य भुक्तानी गरेको, इन्धन खपतमा बढी व्यय भार पारेको देखिएकोले निगमको इन्धनमा भएका खर्च मितव्ययी नभएकोले सुधार हुनुपर्ने देखियो ।

१४. **प्राविधिक परीक्षण** – निगमको गुणस्तर आश्वस्तता विभाग र नेपाल नागरिक उड्डयन प्राधिकरणले प्राविधिक विभागहरुको परीक्षण गरी प्रतिवेदन दिने र सो प्रतिवेदनमा उल्लेख गरेको विषयहरुमा एक महिनाभित्र सुधार गर्नुपर्नेमा गरेको छैन । प्रतिवेदनमा सुधार गर्नुपर्ने लेभल तोक्दा आधार खुलाएको छैन । गुणस्तर आश्वस्तता प्रतिवेदनमा सुधार गर्नुपर्ने उल्लेख भएको मध्ये सन् २०१३ को ४४ प्रतिशत, २०१४ को ६१ प्रतिशत र २०१५ को ९३ प्रतिशत दफामा सुधार गरेको छैन । मानवीय पक्षसँग प्रत्यक्ष जोडिएको हवाई सुरक्षा जस्तो विषय समयमै सुधार गर्नुपर्दछ ।

१५. **जिन्सी** – निगमको आर्थिक विनियमावली, २०६५ को नियम २८ र २९ बमोजिम लिलामी वा मिनाहाको माध्यमबाट मात्र जिन्सी सामान खाताबाट हटाउने व्यवस्था भएकोमा भूमिस्थ सेवा विभागले २०६७।६८ देखि २०७१।७२ सम्म रु.९ करोड ६९ लाख र इन्जिनियरिङ्ग विभागको एयरक्राफ्ट स्टोरले २०६९।७० देखि २०७१।७२ सम्म ३ वर्षमा रु.१४ करोड १४ लाखका विभिन्न सामान काम नलाग्ने सामानहरु उल्लेख गरी जिन्सी खाताबाट हटाएको छ । नियमको पालना नगरी जिन्सी सामानहरु जिन्सी खाताबाट हटाउँदा सामानहरु दुरुपयोग हुन सक्ने र लिलामबाट आम्दानी प्राप्त हुन नसक्ने अवस्था देखियो ।

## लुम्बिनी बिकास कोष (आर्थिक वर्ष २०७१।७२ र २०७२।७३)

१६. **गुरु योजना -** लुम्बिनी बिकास कोष ऐन, २०४२ बमोजिम गठन भएको यस कोषले सन १९७८ मा तयार भएको लुम्बिनी गुरुयोजनाको कार्यान्वयन गर्दै आएको छ । कोष स्थापनाको ३२ वर्षमा करिब ७० प्रतिशतमात्र काम भएको उल्लेख छ । गुरुयोजना अनुसार लुम्बिनी सांस्कृतिक केन्द्र भवन, वाटर टावर लगायत रु.५ अर्ब ९० करोड लागतका १६ कार्यहरु सम्पन्न हुन बांकी रहेको छ । कार्यतालिका बनाई गुरुयोजनाका बांकी काम सम्पन्न गर्नु पर्दछ ।

१७. **सम्पर्क कार्यालय -** कार्यकारी समितिको २०७२/८/१७ को निर्णयले काठमाण्डौं स्थित सम्पर्क कार्यालय ३ महिना भित्र लुम्बिनीमा स्थानान्तरण गर्ने निर्णय भएकोमा कार्यान्वयन भएको छैन । सम्पर्क कार्यालय काठमाण्डौमा रहनाले कोषका पदाधिकारीहरु अधिकांश समय सम्पर्क कार्यालयमै रहेकोले कोषको आन्तरिक व्यवस्थापनमा पर्याप्त ध्यान पुऱ्याउन नसकी आन्तरिक आयमा पछिल्ला वर्षहरुमा ठूलो ह्रास आएको छ । कर्मचारी व्यवस्थापनमा अन्योलता भई पटक पटक कार्यालयको काम काजमा अवरोध आएकोले उक्त निर्णय कार्यान्वयन गरी कोषका सम्पूर्ण पदाधिकारीहरु लुम्बिनीमै रहने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१८. **आयमा ह्रास -** कोषले विभिन्न शुल्क भाडा लगायत स्रोतबाट आय गर्ने गरेको छ । स्वायत्त संस्थाको रुपमा रहेको कोषको आन्तरिक आय २०७०।७१ मा रु.८ करोड २३ लाख, २०७१।७२ मा रु.५ करोड ८७ लाख र २०७२।७३ मा रु.३ करोड ५१ लाख रहेको छ । कोषले लिने विभिन्न शुल्कहरु समय सापेक्ष पुनरावलोकन नभएको, भाडा एवं विभिन्न ठेक्काको रकम असुल गर्न नसकेको, करार र ज्यालादारीका कर्मचारी व्यवस्थापनमा समस्या रहेको लगायतको कारण आन्तरिक आय निरन्तर घट्दै गएको देखिन्छ । उल्लिखित समस्या समाधान गरी आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ ।

१९. **भाडा -** कोषले चमेना गृह र माला पसल सञ्चालन गर्न बसपार्क क्षेत्रमा पुरानो ३४ र नयाँ ८७ समेत १२१ लाई भाडामा उपलब्ध गराएकोमा २०७१।७२ र २०७२।७३ को रु.३४ लाख ९२ हजार असुल हुन बाँकी छ । आर्थिक वर्ष २०७१।७२ मा विभिन्न ८७ व्यक्तिसंग प्रति महिना रु.१ हजारका दरले भाडामा दिने गरी एक वर्षका लागि सम्झौता गरेकोमा २०७२।७३ मा उक्त सम्झौता नवीकरण गरेको वा नयां सम्झौता गरेको छैन । उक्त स्थानमा पसल सञ्चालन भई रहेको अवस्थामा कोषले भाडा उठाउन यथोचित प्रयाश गरेको देखिएन । समयानुकूल भाडा निर्धारण गरी समयमै असुल हुनुपर्दछ ।

२०. **भू–शुल्क -** गुरु योजनाअनुसार ४२ प्लट जग्गा विभिन्न मुलुक तथा संस्थाहरुलाई विहार निर्माण गर्न छुट्याएको छ । यसरी छुट्याएको जग्गा सम्झौतामा उल्लेख भएबमोजिम भू–शुल्क लिने गरी उपलब्ध गराएकोमा निम्नानुसार देखिएको छः

२०.१ विभिन्न मुलुक तथा संस्थालाई प्लट उपलब्ध गराउने सम्झौतामा तोकिएको क्षेत्रफलको प्लट तोकिएको अबधिको लागि तोकिएबमोजिमको भू–शुल्क लिने गरी उपलब्ध गराउने व्यहोरामात्र उल्लेख भएको छ । यसरी उपलब्ध गराएको प्लटमा निर्माण गरिने संरचना सम्बन्धमा खुलाएको छैन । विहार निर्माण गर्न उपलब्ध गराएको जग्गामा निर्माण हुने संरचनाको ड्इङ डिजाइन स्वीकृत गर्नुपर्ने नपर्ने सम्बन्धमा स्पष्ट उल्लेख छैन । यसप्रकार उपलब्ध गराएका प्लटमा गेष्ट हाउससमेत निर्माण गरी सञ्चालन भएको छ । बौद्ध धर्म तथा दर्शन सम्बन्धी विहार निर्माण गर्ने स्थानमा गेष्ट हाउस सञ्चालन गर्न स्वीकृति दिनेलाई जिम्मेवार बनाइनुपर्दछ ।

२०.२ अन्तर्राष्ट्रिय क्रेन फाउण्डेशन, श्रीलंका विहार र तारा फाउण्डेशन लगायतलाई उपलब्ध गराएको प्लटको सम्झौतामा लिने भू-शुल्क सम्बन्धमा उल्लेख छैन । उपलब्ध गराएको सबै प्लटको लिने शुल्क अग्रिम प्राप्त गर्ने गरी सम्झौतामा नै उल्लेख गर्नुपर्दछ ।

२०.३ सम्झौता भएको प्लट, सम्झौता रकम, हालसम्म प्राप्त रकम, प्राप्त हुन बाँकी रकमको अभिलेख व्यवस्थित गरेको छैन । विभिन्न संघ संस्थासँग भएको सम्झौता एवं कोषबाट प्राप्त विवरणअनुसार २०७१।७२ र २०७२।७३ मा प्राप्त हुनुपर्ने भू-शुल्क रु.१२ लाख २३ हजार असुल गर्न बाँकी देखिएको छ ।

२०.४ विभिन्न संघ संस्थाहरुसंगको सम्झौतामा भू–शुल्क ५/५ वर्षको अबधिमा पुनरावलोकन हुने उल्लेख भए पनि हालसम्म पुनरावलोकन गरेको छैन । भू–शुल्कमा समय सापेक्ष पुनरावलोकन गरी उठन बाँकी भू–शल्क असुल गर्नुपर्दछ । लामो समयसम्म भू–शुल्क नबुझाउने विहार सञ्चालकहरुलाई भिसा सिफारिस गर्ने कार्य बन्द गर्नुपर्दछ ।

२१. **होटल भाडा -** कोषले न्यू लुम्बिनी भिलेज क्षेत्रमा वार्षिक रु.८५ हजार र अमेरिकी डलर २ हजार भाडा लिने गरी दुई होटललाई भाडामा दिएकोमा २०७२।७३ को रु.३ लाख १२ हजार भाडा असुल हुन बाँकी देखिन्छ । ती होटलसँग भएको सम्झौता लेखापरीक्षणमा पेश भएन । लेखापरीक्षणको सिलसिलामा एक

प्रा.लि.ले सञ्चालन गरेको होटल हाल अन्यले सञ्चालन गरी रहेको जानकारी प्राप्त भयो । पूर्वस्वीकृति बेगर अन्यलाई होटल हस्तान्तरण गरेको सम्बन्धमा कोषले स्पष्ट गर्नुपर्दछ । व्यापरिक प्रयोजनका होटल र रेस्टुरेन्ट सञ्चालन गर्नेसँग धार्मिक रुपले सञ्चालित बिहार सरह न्यून भू-शुल्क लिएको उपयुक्त नदेखिएकोले यसमा पुनरावलोकन हुनुपर्दछ ।

२२. **डुंगा सञ्चालन -** केन्द्रीय नहरमा डुंगा सञ्चालन गर्न २०७१।१२।२२ मा कोष र एक यातायात सेवाबीच ३ वर्षको लागि सम्झौता भएको देखिन्छ । सम्झौताबमोजिम पहिलो वर्षका लागि रु.९ लाख ५६ हजार र त्यसपछि प्रत्येक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुने गरी कोषलाई बुझाउने गरी सम्झौता भएकोमा सम्झौता मितिदेखि २०७३ असार मसान्तसम्मको रु.१३ लाख १५ हजार प्राप्त नभएकोले असुल गर्नुपर्दछ ।

२३. **मूल्य अभिवृद्धि कर -** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ बमोजिम आय ठेक्कामा ठेक्का दिने संस्थाले १३ प्रतिशत मूल्य अभिवृद्धि करसमेत असुल गर्नुपर्नेमा गरेको छैन । मूल्य अभिवृद्धि कर असुल हुनुपर्दछ ।

२४. **सिक्का र विदेशी मुद्रा व्यवस्थापन -** दानपात्रमा जम्मा भएको र मन्दिरमा चढाएको सिक्काको उचित व्यवस्थापन गर्नुपर्नेमा प्राप्त भएका नेपाली र भारतीय सिक्का भैरहवास्थित नेपाल राष्ट्र बैङ्कले लिन नमानेको कारण २०७१।७२ सम्मको नेपाली सिक्का रु.२ लाख ५७ हजार र भारतीय सिक्का भा.रु.१ लाख २६ हजार कार्यालयमा मौज्दात रहेको छ । बैङ्कले लिन नमानेको कारण २०७२।७३ मा प्राप्त भएको सिक्का गणना नगरी मन्दिरभित्रै कपडामा पोको पारी राखेको पाइयो । केन्द्रीय बैङ्कले समेत सिक्का लिन नमानेको बिषयलाइं माथिल्लो निकायमा जानकारी गराई यस्ता सिक्काको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यसैगरी कोषको दानपात्रमा प्राप्त विभिन्न ६० भन्दा बढी देशको मुद्रा सटहीसमेत हुन सकेको छैन । उक्त सिक्का तथा विदेशी मुद्रा सटहीको लागि पहल गर्नुपर्ने देखिन्छ । कोषले सटहीको लागि पहल गरिने व्यहोरा जनाएको छ ।

२५. **परामर्शदाता -** लुम्बिनी क्षेत्र पूर्वाधार सुधारअन्तर्गत आगन्तुक सूचना केन्द्र, युटिलिटी, पानी आपूर्ति आदि निर्माण कार्यको लागि रु.१७ करोड ४३ लाखको लागतमा २०७२।६।८ मा सम्पन्न गर्ने गरी एक निर्माण सेवासँग २०७०।६।९ मा सम्झौता भएको छ । उक्त निर्माण कार्यसँग सम्बन्धित डिजाइन र सुपरिवेक्षणका लागि एक परामर्शदातासँग रु.७ करोड ५३ लाख ३७ हजारको सम्झौता गरेको देखियो । जसअनुसार रु.१७ करोड ४३ लाखको निर्माण कार्यको डिजाइन र सुपरिवेक्षणका लागि रु.७ करोड ५३ लाख (निर्माण लागतको ४३.२० प्रतिशत) भुक्तानी पाउने गरी परामर्शदाता राखेकोमा निर्माण व्यवसायीले निर्धारित समयमा काम सम्पन्न नगरेकोले सुपरिवेक्षण गर्नुपर्ने अवधिसमेत लम्बिन गई परामर्शदातासँगको सम्झौता भेरिएसनबाट रु.२ करोड ११ लाख (३०.३३ प्रतिशत) वृद्धि भई रु.९ करोड ६४ लाख पुगेको छ । पूर्वाधार निर्माण ठेक्काको ५५.३० प्रतिशत रकम भुक्तानी हुने गरी परामर्श सेवा लिएको औचित्यपूर्ण देखिएन । परामर्शदाता खर्चलाई निश्चित सीमाभित्र राख्नुपर्दछ ।

२६. **अग्रिम आयकर थप -** एक निजी कम्पनीलाई पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्रको आधारमा रु.१ लाख १६ हजार अग्रिम आयकर थप गरी भुक्तानी दिएको देखियो । परामर्शदातालाई लाग्ने अग्रिम आयकर सार्वजनिक निकायले थप गरी खर्च लेख्न मिल्ने नदेखिएकोले असुल हुनुपर्दछ ।

## बौद्धनाथ विकास समिति

२७. **सीमित प्रतिस्पर्धा** – बौद्धनाथ क्षेत्र बिकास समितिको आर्थिक कार्यबिधि नियम,२०६२ (दोस्रो संशोधन २०७२) को नियम ३४ (१) मा रु.५ लाख भन्दा वढी लागत अनुमान भएको निर्माण , मर्मत सम्भार वा सुधारको कार्य गराउदा सिलबन्दी दरभाउपत्र वा वोलपत्रको माध्यमद्वारा गर्नुपर्ने उल्लेख छ । समितिले रु ५ लाख भन्दा बढी लागत अनुमान भएका रु.५ करोड २७ लाख ८२ हजार लागत अनुमान भएका निर्माण तथा मर्मत कार्यका ३ प्याकेज कार्य सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट नगराई समितिकै सदस्य मार्फत अमानतमा गराएको छ । यस प्रकारको कार्यमा सुधार गर्न गत वर्ष बेरुजू औल्याइएकोमा यस वर्ष पनि सुधार नभएकोले नियम पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

२८. **लेखापरीक्षण बक्यौता** – यो वर्ष पशुपति क्षेत्र विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, बृहतर बराह, देवघाट, भानु जन्मस्थल क्षेत्र विकास समिति, खप्तड क्षेत्र पर्यटन विकास समिति र नेपाल ललित कला प्रतिष्ठानसमेत ७ इकाईको १० आर्थिक वर्षको लेखापरीक्षण बाँकी रहेको छ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ २० निकायमा यो वर्ष रु.२३ करोड ५९ लाख ४५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ लाख ९२ हजार फछ्र्यौट गरेकोले रु.२३ करोड ५३ लाख ५३ हजार बाँकी रहेको छ । सोमध्ये रु.५ करोड २९ लाख ३९ हजार पेश्की बाँकी रहेको छ ।

  - संगठित संस्था, अन्य संस्था र समिति १५ तर्फ रु.४१ करोड ६२ लाख ६९ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नभई बाँकी रहेको छ । सोमध्ये रु.८ करोड ६५ लाख ४२ हजार पेश्की बाँकी रहेको छ ।